बालुवाटार, काठमाडौ
फोन नं.: ०१४४४१०५५
एक्सचेन्ज नम्बर : ०१४४१९८०४
/८०५/८०७/४४१०१५८/४४११२५०
(EXT: ३२४, ३३४)
E-mail :centacc@nrb.org.np
Web Site :www.nrb.org..np
पोष्ट बक्स : १०५५

# नेपाल राष्ट्र बैंक
## बैंकिङ्ग कार्यालय
## सरकारी लेखा फाँट

स.का./परिपत्र/१०/२०७६/७७

मिति:२०७७/०३/३१

आन्तरिक राजश्व कार्यालयको राजश्व संकलन गर्न इजाजत प्राप्त "क" वर्गका वाणिज्य बैंकहरु ।

**विषय: साना करदाताको आय विवरण तथा कर असुली सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा आ.व. २०७७/७८ को बजेट वक्तव्यमा वार्षिक रू. २० लाखसम्म कारोवार गर्ने साना करदाताले आयविवरण तथा कर मोवाइल एप्स लगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सक्ने र बैंकमार्फत कर भुक्तानी गर्दा आयविवरण समेत बुझाउन सक्ने व्यवस्था मिलाइने नीति घोषणा भएकोमा सोको कार्यान्वयनका लागि महालेखा नियन्त्रक कार्यालय तथा आन्तरिक राजश्व विभागका पदाधिकारीहरू समेतको सहभागितामा आगामी आ.व. देखि कार्यान्वयन गर्ने सम्बन्धमा भएको छलफलका आधारमा यसै पत्रसाथ संलग्न नमूना बमोजिमको आय विवरण तथा कर दाखिला फाराम (***डे ०१ आय विवरण फाराम***) भराई सोही बमोजिम राजश्व संकलन गर्न स्वीकृतीप्राप्त बैंक मार्फत आय विवरण तथा कर संकलन गर्न सहज हुने गरी राजश्व व्यवस्थापन सूचना प्रणाली अन्तर्गत D1 Voucher Form Module विकास गरिएको व्यहोरा जानकारी गराउँदछु ।

साथै, उक्त Module मा भएको व्यवस्था बमोजिम त्यस बैंकका आन्तरिक राजश्व कार्यालयको राजश्व संकलन गर्न इजाजतप्राप्त शाखाहरूबाट २०७७ श्रावण १ गतेदेखि सम्बन्धित करदाताको आयविवरण समेत भरी कर जम्मा गर्ने व्यवस्था गर्नु / गराउनुहुन तथा सो प्रयोजनका लागि आन्तरिक राजश्व विभागले तयार गरेको ***बैंक काउण्टर मार्फत डे ०१ आय विवरण तथा कर संकलन सम्बन्धी कार्यप्रक्रिया २०७७*** तथा ***आय विवरण तथा कर दाखिला फारामको नमूना*** यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

(राम प्रसाद गौतम)
निर्देशक

बोधार्थः १. नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं ।
२. आन्तरिक राजश्व विभाग, लाजिम्पाट, काठमाडौं ।
३. नेपाल बैंकर्स संघ, थापाथली, काठमाडौं ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
फ्याक्स नं.: ४४११७८८
Website: www.ird.gov.np

प.सं.: २०७६।७७
च.नं.: १८

मिति २०७७।०३।२९

श्री नेपाल राष्ट्र बैंक
बैंकिंग कार्यालय
बालुवाटार, काठमाडौं ।

विषयः साना करदाताको आय विवरण तथा कर असुली सम्बन्धमा।

आ.व. २०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. ३३३ मार्फत वार्षिक रु २० लाखसम्म कारोबार गर्ने साना करदाताले आय विवरण र कर मोबाइल एप्स लगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सक्ने र बैंकमार्फत कर भुक्तानी गर्दा आय विवरण समेत बुझाउन सक्ने व्यवस्था मिलाइने नीति घोषणा भएको छ । उक्त नीति कार्यान्वयन गर्ने सिलसिलामा नेपालको स्रोत भएको वार्षिक २० लाख रुपैयाँसम्म कारोबार र २ लाख रुपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) को व्यवस्था छनौट गर्ने करदाताले सोही ऐनको दफा ९६ बमोजिम पेश गर्ने आय विवरण तथा कर दाखिला गर्ने फाराम महालेखा नियन्त्रक कार्यालय र यस विभागसंग छलफल भई संलग्न ढाँचा बमोजिमको आय विवरण तथा कर दाखिला फाराम (डे ०१ आय विवरण फाराम) को फाराम तोकिएको र राजस्व संकलन गर्न स्वीकृतिप्राप्त बैंकमार्फत आय विवरण तथा कर संकलन गर्न सहज हुने गरी राजस्व व्यवस्थापन सूचना प्रणाली अन्तर्गत D1 Voucher Form Module विकास गरिएको छ ।

यस सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयमा तहां लगायत सबै बैकका उच्च अधिकारीसंग छलफल भई आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने सहमति समेत भएको हुंदा सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयमार्फत तहां पत्र प्राप्त भएकै छ । उक्त व्यवस्था २०७७ श्रावण १ गतेदेखि कार्यान्वयन गर्न कार्यप्रक्रिया समेत निर्धारण गरिएको हुंदा सम्बन्धित बैंकहरुमार्फत कार्यान्वयन गर्न आवश्यक सहजीकरण र समन्वय गरिदिनु हुन अनुरोध छ ।

संलग्न

१. आय विवरण तथा कर दाखिला फाराम को नमूना
२. बैंक काउण्टरमार्फत डे ०१ आय विवरण तथा कर संकलन सम्बन्धी कार्यप्रक्रिया २०७७

सादर अवगतार्थ

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।
श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।


थानेश्वर गौतम
उपमहानिर्देशक
उप महा-निर्देशक

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग


नेपालको स्रोत भएको वार्षिक २० लाख रुपैयाँ सम्म कारोबार र २ लाख रुपैयाँ सम्म आय भएका प्राकृतिक व्यक्तिले आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) को व्यवस्था छनौट गरी दफा ९६ बमोजिम आय विवरण पेश गर्न सोही ऐनको दफा ७७ ले दिएको अधिकार प्रयोग गरी संलग्न बमोजिमको डे ०१ आय विवरण तथा कर भुक्तानी फाराम तथा देहाय बमोजिमको कार्यप्रक्रिया निर्धारण गरिएको छ ।

## बैंक काउण्टरमार्फत डे ०१ आय विवरण तथा कर संकलन सम्बन्धी कार्यप्रक्रिया २०७७

१. बैंक कर्मचारीले राजस्व व्यवस्थापन सूचना प्रणाली लग इन गर्नुपर्दछ । लग इन पेजमा युजरनेम पासवर्ड र आर्थिक वर्ष राखी प्रणालीमा प्रवेश गर्नुपर्दछ ।




२. राजस्व व्यवस्थापन सूचना प्रणालीमा प्रवेश गरेपछि निम्न बमोजिमको नेभिगेसन मेनु देखिन्छ । उक्त मेनुमध्ये D1 Voucher Form भन्ने मेनुमा प्रवेश गर्नुपर्दछ ।




नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

महा-निर्देशक

३. D1 Voucher Form भन्ने मेनुमा प्रवेश गरेपछि देहाय बमोजिमको D1 Entry Form देखिन्छ । तल screenshot मा देखिए अनुसार करदाता वा निजको प्रतिनिधिले पेश गरेको डे ०१ आय विवरण तथा कर दाखिला फाराम प्रविष्टि गरी कर संकलन गर्नुपर्दछ ।




४. डे ०१ आय विवरण तथा कर दाखिला फाराममा करदाताले आफ्नो स्थायी लेखा नम्बर, आय वर्ष, कारोबार रकम र कट्टी हुने रकम करदाताको नाम र दस्तखत वा करदाताको प्रतिनिधि भए निजको नाम र दस्तखत र करदाताको मोबाइल नम्बर अनिवार्य रुपमा उल्लेख गरे नगरेको चेकजाँच गर्नुपर्दछ ।


५. करदाताको स्थायी लेखा नम्बर प्रविष्टि गरेपछि प्रणालीले फर्मको नाम र ठेगाना, करदाता दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय, बैंक शाखा, मिति आदि स्वाचालितरुपले देखाउनेछ ।

६. आय वर्षमा click गर्दा सो मितिसम्ममा करदाताले कुन कुन आय वर्षको आय विवरण पेश गर्न बांकी रहेको छ भन्ने विवरण देखाउंछ । करदाताले जुन आय वर्षको आय विवरण र कर दाखिला गर्ने हो सो वर्ष उल्लेख गरी डे ०१ आय विवरण तथा कर दाखिला फाराममा कारोबार घोषणा गरेको हुन्छ । सो फाराममा उल्लेख भए बमोजिमका विवरण प्रविष्टि गर्नुपर्दछ ।

७. एक आय वर्षमा वार्षिक २० लाख रुपैयाँ भन्दा बढी कारोबार भएमा वा वार्षिक २० लाख रुपैयाँ भन्दा कम कारोबार भए तापनि रु २ लाख भन्दा बढी आय भएमा त्यस्ता प्रोपराइटरसिप व्यवसाय वा फर्मले यो आय विवरण पेश गर्न नपाउने हुंदा कारोबार रकममा २० लाख रुपैयाँभन्दा बढी प्रविष्टि गरेमा प्रणाली Error देखाउनेछ। कारोबार रकमभन्दा कट्टी हुने रकम कम भएको खण्डमा मात्र करदाताको आय रकम कायम हुन्छ

महा-निर्देशक

३. D1 Voucher Form भन्ने मेनुमा प्रवेश गरेपछि देहाय बमोजिमको D1 Entry Form देखिन्छ । तल screenshot मा देखिए अनुसार करदाता वा निजको प्रतिनिधिले पेश गरेको डे ०१ आय विवरण तथा कर दाखिला फाराम प्रविष्टि गरी कर संकलन गर्नुपर्दछ ।




नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

४. डे ०१ आय विवरण तथा कर दाखिला फाराममा करदाताले आफ्नो स्थायी लेखा नम्बर, आय वर्ष, कारोबार रकम र कट्टी हुने रकम करदाताको नाम र दस्तखत वा करदाताको प्रतिनिधि भए निजको नाम र दस्तखत र करदाताको मोबाइल नम्बर अनिवार्य रुपमा उल्लेख गरे नगरेको चेकजाँच गर्नुपर्दछ ।

५. करदाताको स्थायी लेखा नम्बर प्रविष्टि गरेपछि प्रणालीले फर्मको नाम र ठेगाना, करदाता दर्ता रहेको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय, बैंक शाखा, मिति आदि स्वाचालितरुपले देखाउनेछ ।

६. आय वर्षमा click गर्दा सो मितिसम्ममा करदाताले कुन कुन आय वर्षको आय विवरण पेश गर्न बांकी रहेको छ भन्ने विवरण देखाउंछ । करदाताले जुन आय वर्षको आय विवरण र कर दाखिला गर्ने हो सो वर्ष उल्लेख गरी डे ०१ आय विवरण तथा कर दाखिला फाराममा कारोबार घोषणा गरेको हुन्छ । सो फाराममा उल्लेख भए बमोजिमका विवरण प्रविष्टि गर्नुपर्दछ ।

७. एक आय वर्षमा वार्षिक २० लाख रुपैयाँ भन्दा बढी कारोबार भएमा वा वार्षिक २० लाख रुपैयाँ भन्दा कम कारोबार भए तापनि रु २ लाख भन्दा बढी आय भएमा त्यस्ता प्रोपराइटरसिप व्यवसाय वा फर्मले यो आय विवरण पेश गर्न नपाउने हुंदा कारोबार रकममा २० लाख रुपैयाँभन्दा बढी प्रविष्टि गरेमा प्रणाली Error देखाउनेछ। कारोबार रकमभन्दा कट्टी हुने रकम कम भएको खण्डमा मात्र करदाताको आय रकम कायम हुन्छ

महा-निर्देशक

डे ०१ आय विवरण फाराम

# आय विवरण तथा कर दाखिला फाराम

**(आयकर ऐन, २०५८ को दफा ९६ र दफा ४(४) को प्रयोजनको लागि)**

| | | |
|---|---|---|
| राजस्व दाखिला भौचर नं. ................ | राजस्व शीर्षक नं. : ११११९ | मिति .................. |
| स्थायी लेखा नं. .............................. | फर्मको नाम र ठेगाना : .................... | |
| आ.रा.का./ क.से.का.को नाम ............... | कार्यालय कोडः | |
| बैंकको नाम र शाखा : .............................. | बैंक खाता नं. : .............................. | |

मेरो निम्न आय वर्षमा नेपालमा स्रोत भएको व्यवसायबाट रु २० लाख सम्म कारोबार र रु २ लाख सम्म मात्र आय भएको छ। म नेपालको बासिन्दा व्यक्ति भएकाले आयकर ऐन, २०५८ को दफा ४(४) को व्यवस्था लागु हुने गरी आयकर वापत रु ..................... (अक्षरेपी .... ..... ..... ..... ..... ..... ..... ..... ..... ) नगद दाखिला गरेको छु। यो आय विवरणमा लेखिएको कुरा ठिक साँचो हो। झुठ्ठा ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

| आय वर्ष | कारोबार रकम (रु) | कट्टी हुने रकम (रु) | आय रकम (रु) | लाग्ने कर रकम (रु) | दफा ११७ को शुल्क | दफा ११९ को ब्याज | जम्मा रकम (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ (२ ३) | ५ | ६ | ७ | ८ (५+६+७) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | जम्मा तिर्नु पर्ने कर रकम (रु) | | |

| नोटको विवरण | रकम |
|---|---|
| १,००० x | |
| ५०० x | |
| २५० x | |
| १०० x | |
| ५० x | |
| २५ x | |
| २० x | |
| १० x | |
| ५ x | |
| २ x | |
| १ x | |
| सिक्का | |
| जम्मा | |

| | |
|---|---|
| करदाता वा प्रतिनिधिको दस्तखत | ................ |
| प्रतिनिधिले दस्तखत गरेको भए प्रतिनिधिको नाम | ................ |
| कर दाखिला गर्ने व्यक्तिको मोबाइल नं. | ................ |

उपर्युक्त बमोजिमको राजस्व रकम प्राप्त भएको व्यहोरा प्रमाणित गर्दछौं।

**कर रकम बुझिलिने बैंकले भर्ने:**

................ ................ ................ ................

रकम बुझिलिनेको सही | दाखिला रकम | मिति | बैंक अधिकृतको सही

*द्रष्टव्यः कृपया छाँया परेको भागमा विवरण उल्लेख गर्नु पर्दैन। साथै विवरण सम्बन्धी सम्बन्धी अन्य जानकारीको लागि पछाडि हुर्नुहोला।*

**बैंक प्रति**

---

डे ०१ आय विवरण फाराम

# आय विवरण तथा कर दाखिला फाराम

**(आयकर ऐन, २०५८ को दफा ९६ र दफा ४(४) को प्रयोजनको लागि)**

| | | |
|---|---|---|
| राजस्व दाखिला भौचर नं. ................ | राजस्व शीर्षक नं. : ११११९ | मिति .................. |
| स्थायी लेखा नं. .............................. | फर्मको नाम र ठेगाना : .................... | |
| आ.रा.का./ क.से.का.को नाम ............... | कार्यालय कोडः | |
| बैंकको नाम र शाखा : .............................. | बैंक खाता नं. : .............................. | |

मेरो निम्न आय वर्षमा नेपालमा स्रोत भएको व्यवसायबाट रु २० लाख सम्म कारोबार र रु २ लाख सम्म मात्र आय भएको छ। म नेपालको बासिन्दा व्यक्ति भएकाले आयकर ऐन, २०५८ को दफा ४(४) को व्यवस्था लागु हुने गरी आयकर वापत रु ..................... (अक्षरेपी .... ..... ..... ..... ..... ..... ..... ..... ..... ) नगद दाखिला गरेको छु। यो आय विवरणमा लेखिएको कुरा ठिक साँचो हो। झुठ्ठा ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

| आय वर्ष | कारोबार रकम (रु) | कट्टी हुने रकम (रु) | आय रकम (रु) | लाग्ने कर रकम (रु) | दफा ११७ को शुल्क | दफा ११९ को ब्याज | जम्मा रकम (रु) |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ (२ ३) | ५ | ६ | ७ | ८ (५+६+७) |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | जम्मा तिर्नु पर्ने कर रकम (रु) | | |

| नोटको विवरण | रकम |
|---|---|
| १,००० x | |
| ५०० x | |
| २५० x | |
| १०० x | |
| ५० x | |
| २५ x | |
| २० x | |
| १० x | |
| ५ x | |
| २ x | |
| १ x | |
| सिक्का | |
| जम्मा | |

| | |
|---|---|
| करदाता वा प्रतिनिधिको दस्तखत | ................ |
| प्रतिनिधिले दस्तखत गरेको भए प्रतिनिधिको नाम | ................ |
| कर दाखिला गर्ने व्यक्तिको मोबाइल नं. | ................ |

उपर्युक्त बमोजिमको राजस्व रकम प्राप्त भएको व्यहोरा प्रमाणित गर्दछौं।

**कर रकम बुझिलिने बैंकले भर्ने:**

................ ................ ................ ................

रकम बुझिलिनेको सही | दाखिला रकम | मिति | बैंक अधिकृतको सही

*द्रष्टव्यः कृपया छाँया परेको भागमा विवरण उल्लेख गर्नु पर्दैन। साथै विवरण सम्बन्धी सम्बन्धी अन्य जानकारीको लागि पछाडि हुर्नुहोला।*

**करदाता प्रति**